# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालसँग Embassy of Japan in Nepal का नवनियुक्त Ambassador Mr. Masamichi Saigo द्वारा भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेपालका लागि जापानका नवनियुक्त राजदूत Masamichi Saigo ले २०७५ साउन १० गते शिष्टाचार भेट गर्नुभयो । सो भेटमा गभर्नर नेपाल र राजदूत Saigo बीच नेपालको आर्थिक वृद्धिदर, लगानी वातावरण र आपसी सहयोगका विविध पक्षमा विचार विमर्श भएको थियो ।



राजदूत Saigo ले नेपाल र जापान बीचको सम्बन्ध अझ प्रगाढ बनाउने आफ्नो उद्देश्य रहेको व्यक्त गर्नुभयो । नेपालको राजनीतिक स्थिरतासँगै लगानी वातावरणमा देखिएको सुधारको लक्षणले जापानका लगानीकर्ताहरु नेपालमा लगानी गर्न इच्छुक रहेको कुरा व्यक्त गर्नुभयो ।

गभर्नर डा. नेपालले जापान र नेपाल बीच सधै राम्रो सम्बन्ध रहेको चर्चा गर्दै नेपालको आर्थिक विकासमा जापानी सहयोगको निरन्तरता रहने अपेक्षा व्यक्त गर्नुभयो । गभर्नर डा. नेपालले लगानी वातावरणमा आएको सुधारको अवस्था चित्रण गर्नु हुँदै भूकम्प पश्चात् भएको नेपालको आर्थिक गतिविधिको बारेमा उल्लेख गर्नुभयो । यसका सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलाप वित्तीय लगानी निवारणका विविध पक्षबारे उहाँहरुबीच छलफल भएको थियो ।

उक्त अवसरमा जापानी राजदूतावासको तर्फबाट राजदूत Masamichi Saigo साथ Deputy Head of Mission, Shinya Machida र Researcher / Advisor, Sakiko Kurosaka पनि उपस्थित हुनुभएको थियो । त्यसैगरी, नेपाल राष्ट्र बैंकको तर्फबाट गभर्नर डा. नेपालका साथ बैंकका बरिष्ठ अधिकृतहरुको उपस्थिति रहेको थियो ।

२०७५ साउन १०, बिहीबार

गभर्नरको कार्यालय